# व्यावसायिक गाईभैंसी फार्मले अवलम्बन गर्नु पर्ने पशु कल्याण सम्बन्धी मापदण्ड, २०८०

| मा. कृषि तथा भूमि व्यवस्था मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/११/१६ |
|---|

**प्रस्तावनाः** व्यावसायिक रूपमा गाईभैंसी पालन गर्ने फार्महरूले असल उत्पादन अभ्यास अवलम्बन गर्दै गाईभैंसी प्रति हुने निर्दयी व्यवहारमा रोकावट गरी पशु कल्याणको अवस्था सुनिश्चित गर्न लुम्बिनी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ को नियम (४) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले मापदण्ड बनाई लागू गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "व्यावसायिक गाईभैंसी फार्मले अवलम्बन गर्नुपर्ने पशुकल्याण सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड लुम्बिनी प्रदेशभर तत्काल लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "जिल्लास्तर कार्यालय" भन्नाले जिल्लामा सेवा प्रदान गर्ने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय सम्झनु पर्दछ।

(ख) "जिल्लास्तर प्राविधिक समिति" भन्नाले दफा १६ बमोजिमको समिति सम्झनु पर्दछ।

(ग) "थारो पशु" भन्नाले उमेर पुगेको दुहुनो र गर्भिणी दुवै अवस्थामा नरहेको गाई वा भैंसी सम्झनु पर्दछ।

(घ) "दर्तावाल पशु चिकित्सक" भन्नाले पशु चिकत्सा परिषद् ऐन, २०५५ अनुसार नाम दर्ता भएको पशु चिकित्सक सम्झनु पर्दछ।

(ङ) "निर्दयी व्यवहार" भन्नाले गाईभैंसीलाई नियतवश वा लापरवाहीपूर्वक मापदण्डको दफा १२ बमोजिम गरिएका कार्यहरू सम्झनु पर्दछ।

(च) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ।

(छ) "पशु" भन्नाले व्यावसायिक उद्देश्यले दूध उत्पादनका लागि पालिएका गाई, भैंसी र भारवहन, भार तान्ने कार्य वा श्रमशक्तिको रूपमा प्रयोग गरीने बहर, गोरु, राँगालाई सम्झनु पर्दछ। सो शब्दले पाडापाडी, बाच्छाबाच्छी, थोरे र कोरली समेतालाई सम्झनु पर्दछ।

(ज) "पशु कल्याण" भन्नाले गाईभैंसीको शारीरिक वा मानसिक भलाई हुने मापदण्डको दफा ८ बमोजिमका विषयहरू सम्झनु पर्दछ।

(झ) "पशुधनी" भन्नाले पशुको वा व्यावसायिक फार्मको स्वामित्व भएको प्राकृतिक वा कानूनी व्यक्ति सम्झनु पर्दछ।

(ञ) "प्रदेश अनुगमन तथा समन्वय समिति" भन्नाले दफा १५ बमोजिमको समिति सम्झनु पर्दछ।

(ट) "व्यावसायिक फार्म" भन्नाले प्रचलित कानून अनुसार दर्ता भई मुनाफा आर्जन गर्ने उद्देश्यले सञ्चालन भएका गाईभैंसी पालन गर्ने फार्म सम्झनु पर्दछ।

(ठ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको पशुपन्छी क्षेत्र हेर्ने कृषि तथा भूमि व्यवस्था मन्त्रालय सम्झनु पर्दछ।

## परिच्छेद २

## पशुपालन सम्बन्धी आधारभूत व्यवस्था

**३. गोठ व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

(१) पशुपालनका लागि गोठ निर्माण गर्दा पशुलाई भौतिक, चिसो तथा गर्मीको तनाव नहुने गरी निर्माण गर्नुपर्नेछ।

(२) पशु राखिने गोठ पर्याप्त रूपमा क्षेत्रफल, भेन्टिलेसन, मलमुत्र निकास, उचित भिरालोपना, सफा, सुख्खा र प्रकाश छिर्ने हुनु पर्नेछ।

(३) गोठमा पानी नजम्ने, भूई नचिप्लने गरी निर्माण गरिएको हुनु पर्दछ।

(४) पशुलाई उठ्न, बस्न र घुम्न पुग्ने गरी बाँध्ने वा राख्ने ठाउँको व्यवस्था गर्नु पर्नेछ।

(५) खसी नपारेको भाले पशु र पोथी पशुलाई अलग्गै बाँध्ने वा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(६) जाडो मौसममा पशुलाई कठ्यांग्रिनबाट जोगाउन गोठमा बारबन्देज, तापको स्रोत तथा सोत्तरको आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(७) गर्मी मौसममा पशुलाई तापबाट हुने गर्मीको तनाव हुन नदीन वातानुकुलित गोठ निर्माण, पंखा तथा फोगरको व्यवस्था मिलाउन सकिनेछ।

**४. पशु आहार व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

(१) पाडापाडी बाच्छाबाच्छीलाई जन्मेको ६ घण्टा भित्र शारीरिक तौलको १० प्रतिशत र २४ घण्टा भित्र शारीरिक तौलको २० प्रतिशत बिगौती दूध चुस्न दिनुपर्नेछ।

(२) पाडापाडी/बाच्छाबाच्छीहरूको पोषण आवश्यकता र स्वस्थता कायम हुने गरी उमेर, तौल र पाचन प्रणाली अनुसार दैनिक रूपमा पूर्ण आहारको व्यवस्था गर्नुपर्नेछ।

(३) गाईभैंसीलाई आवश्यकता अनुसार चरन, घाँस र परालका अतिरिक्त पर्याप्त मात्रामा सन्तुलित आहार उपलब्ध गराउनु पर्नेछ। गाईभैंसीलाई दिनुपर्ने सन्तुलित दानाको परिमाण अनुसूची १ बमोजिम निर्धारण गर्न सकिनेछ।

(४) व्यावसायिक फार्मले गाईभैंसीको आहार व्यवस्थापन योजना सम्बन्धित प्राविधिकसँगको समन्वयमा तयार गरी कार्यान्वयन गर्ने र त्यस्तो योजना कम्तीमा वर्षको दुई पटक पुनरावलोकन गर्न सकिनेछ।

(५) गाईभैंसीलाई पर्याप्त मात्रामा स्वच्छ र सफा पानी पिउन सक्ने व्यवस्था मिलाउनु पर्दछ। सामूहिक रूपमा पानी पिउने व्यवस्था मिलाइएको भएमा एक पटकमा कुल बथानको कम्तीमा १० प्रतिशत पशुले पानी पिउन सक्ने गरी स्थान र पानीको प्रवाहकोज प्रवन्ध मिलाउनु पर्दछ।

**५. प्रजनन सुरक्षण सम्बन्धी व्यवस्थाः**

(१) दुधालु गाईभैंसीलाई दुध उत्पादनमा नियमित राख्न कम्तिमा ६० दिनको ड्राई पिरियड कायम राखी ततपस्चात प्रजनन कार्यमा लगाउन सकिनेछ।

(२) भाले पशु लगाउँदा साढे, राँगो उपयुक्त तौल, उमेर र जातको हुनु पर्दछ।

(३) प्रजननको लागि भाले पशु उपलब्ध नभएमा वा सम्भव नभएमा प्रजननका अन्य विकल्प कृत्रिम गर्भाधान वा भ्रूण प्रत्यारोपण प्रविधि पनि अपनाउन सकिनेछ।

(४) कृत्रिम गर्भाधान वा भ्रूण प्रत्यारोपण प्रविधि अपनाउँदा गाईभैंसीको उपयुक्त, वीर्य तथा भ्रूणको जात, स्वास्थ्य लगायत अन्य परिचय खुल्नु पर्दछ।

(५) कृत्रिम गर्भाधान वा भ्रूण प्रत्यारोपण प्रविधि अपनाउँदा कुनै पीडा, चोटपटक लगायत अन्य तनाव रहित हुनुपर्दछ।

(६) कृत्रिम गर्भधारण वा भ्रूण प्रत्यारोपण दर्तावाल पशु चिकित्सक र इजाजत प्राप्त कृत्रिम गर्भाधानकर्ताबाट मात्र गराउनु पर्ने हुन्छ।

(७) प्रजनन् कार्यमा हाडनाता सम्बन्ध हुन नदिने गरी राँगो/साँढेको व्यवस्थापन गर्नु पर्दछ। कृत्रिम गर्भधारणबाट हुन सक्ने हाडनाताको सम्बन्ध न्यूनिकरणको लागि सिमेन स्ट्रमा उल्लेख गरिएको विवरण अभिलेखमा राखी व्यवस्थापन गर्नु पर्दछ।

६. **स्वास्थ्य सम्बन्धी ब्यवस्थाः**

(१) पशुहरूलाई रोगको रोकथाम तथा नियन्त्रणका लागि जैविक सुरक्षायुक्त गोठको निर्माण, उचित आहाराको व्यवस्थापन गर्नु पर्दछ।

(२) बिरामी पशुलाई बथानबाट अलग गरी छुट्टै खोरमा राखेर उपचार गर्नुपर्दछ।

(३) पशुहरूलाई नेपाल सरकार र प्रदेश सरकारले सिफारिस गरेका खोपहरू अनुसूची ४ बमोजिमको तालिका बनाई खोप लगाउनु पर्दछ।

(४) बिरामी पशुको उपचार यथाशीघ्र दर्तावाल पशु चिकित्सक वा दर्तावाल पशु चिकित्सकको निगरानीमा दक्ष प्राविधिकबाट गराउनु पर्दछ।

(५) पशुधनीले पशु उपचारको अभिलेख राख्नु पर्दछ र आवश्यक परेको बेलामा दर्तावाल पशु चिकित्सकलाई देखाउनु पर्दछ।

७. **गाईभैंसी पालन विधिः** देहायको प्रणाली अपनाई गाईभैंसी पालन गर्न सकिनेछ।

(१) गोठ/खोर निर्माण गरी पशुलाई गोठमै राखेर दानापानीको व्यवस्था गरी बधुवा प्रणालीमा पालन गर्न सकिनेछ। पशुलाई गोठमा बाधेर वा पशुलाई हिडडुल गर्न गोठमा नै केही ठाउँ खाली राखी पाल्न सकिनेछ।

(२) गोठ निर्माण गरी पशुलाई गोठमै बस्ने र केही समय चरनमा रहने गरी व्यवस्था गरी मिश्रित प्रणालीमा गाईभैंसी पालन गर्न सकिनेछ।

(३) पशुलाई दुहुन, रातको समयमा आराम गर्न, उपचार गर्न र अन्य कार्यको लागि मात्र गोठ/खोरको व्यवस्था गरि पालन गर्न सकिनेछ।

## परिच्छेद ३
## पशु कल्याण सम्बन्धी व्यवस्था

८. **व्यावसायिक फार्ममा पालिएका गाईभैंसीको कल्याण सम्बन्धी आधारभूत पक्षः**

(१) गाईभैंसीको कल्याण सुनिश्चित गर्न गाईभैंसीलाई देहाय बमोजिमका आधारभूत पक्ष सुनिश्चित हुने गरी सुविधा उपलब्ध गराउनु पर्नेछ;

(क) भोक, प्यास र कुपोषण हुन नदिने,

(ख) डर, त्रास र तनाव हुन नदिने,

(ग) भौतिक, शीत तथा तापजन्य असुविधा हुन नदिने,

(घ) पीडा, चोटपटक र रोग व्याधिबाट सुरक्षित राख्ने,

(ङ) सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुरक्षित गर्ने।

(२) भोक, प्यास र कुपोषणको अवस्थाः देहायको अवस्थामा पशु भोक, प्यास र कुपोषणको अवस्थामा रहेको भन्ने बुझिनेछ;

(क) पशुधनीले तालिका तयार गरी तालिका अनुसार आहारा/दानापानी डुँडमा उपलब्ध नगराएको अवस्थामा र चरनमा नलागेको अवस्था,

(ख) गाईभैंसी दुहुँदा पर्याप्त मात्रामा पाडापाडी/बाच्छाबाच्छीलाई दुध नदिएको अवस्था,

(ग) आहारा, दानापानी, डुँडमा उपलब्ध नभएर कराएको अवस्था,

(घ) कुपोषणको कारणबाट हुने अस्वास्थ्य अवस्था।

(३) पशुलाई भोक, प्यास र कुपोषणको अवस्था हुन नदिन देहाय अनुसार गर्नु/गराउनु पर्दछ;

(क) पशुधनीले तालिका तयार गरी तालिका अनुसार आहार/दानापानी डुँडमा उपलब्ध गराउने तथा चरनमा चर्न लगाउने,

(ख) आवश्यकता अनुसार पशुलाई नियमित रूपमा खनिज पदार्थ उपलब्ध गराउने।

(४) डर, त्रास र तनाव हुन नदिन देहायको अवस्थामा पशु डर, त्रास वा तनावमा रहेको भन्ने बुझिनेछ;

(क) आरामका समयमा समेत छिटोछिटो स्वासप्रस्वास गरिरहेको वा धकेको वा मुख बाहेर स्वास फेरेको अवस्था,

(ख) थरथर कामेको अवस्था,

(ग) ॠतुकालमा नरहेको पोथी र अन्य पशुले तुरुक-तुरुक्क तर छिटोछिटो पिसाब गरेको अवस्था,

(घ) अन्य कुनै रोग नहुँदा पनि मसखबाट र्याल,फिँज काढिरहेको अवस्था,

(ङ) वथानका अन्य पशु बसिरेहेको समयमा पनि कुनै पशु उभिईरहेको, आवश्यकता भन्दा बढि चनाखो भएको/तर्सिएको अवस्था,

(च) भौतिक चोटका कारण शरीरको कुनै भागमा डाम परेको वा सुम्ला उठेको अवस्था।

(५) पशुमा डर, त्रास र तनाव हुन नदिन देहाय अनुसार गर्नु, गराउनु पर्दछः

(क) पशु तर्सने गरी गोठ र वरपर कुनै गतिविधिहरू गर्नु हुँदैन।

(ख) पशुबाट पशुधनीको चाहना विपरीतको कुनै क्रियाकलाप भएमा वा दूध दुहुँदा नपग्रिएको वा दूध लुकाएको बहानामा पशुलाई पिट्ने वा तर्साउने गर्नु हुँदैन।

(ग) पशुलाई तनाव हुन नदीन दफा ३, दफा ४, दफा ५ र दफा ६ मा व्यवस्था भएका प्रावधानहरू पालना गर्नु पर्दछ।

(६) भौतिक र तापजन्य असुविधा तथा तनावको अवस्थाः देहायको अवस्थामा पशु भौतिक र तापजन्य असुविधा तथा तनावमा रहेको बुझिनेछ;

(क) आरामका समयमा समेत गर्मी भएर छिटोछिटो स्वासप्रश्वास गरिरहेको वा धकेको वा मुख वाहेर स्वास फेरेको अवस्था,

(ख) जाडोको कारणबाट थरथर कामेको अवस्था,

(ग) पशुले छिटोछिटो पिसाब गरिरहेको अवस्था,

(घ) पशु गोठमा पानीको स्रोत नभएको अवस्था।

(७) पशुमा डर, त्रास र तनाव हुन नदिन देहाय अनुसार गर्नु/गराउनु पर्दछ;

(क) पशुगोठमा पङ्खा, पानीको स्रोत, बिजुली आदिको आवश्यकता अनुसार व्यवस्था,

(ख) गाईभैंसी गोठमा आवश्यकतानुसार सोत्तर वा म्याटको व्यवस्था,

(८) पीडा, घाउचोट र रोग व्याधिबाट सुरक्षण सम्बन्धी व्यवस्था;

(क) सबै पशु सफा राख्न आवश्यक प्रबन्ध मिलाउनु पर्दछ।

(ख) पशुको गोठ र वरपर तीखो तथा धारिलो औजार वा अन्य कुनै वस्तु राख्नु हुँदैन।

(ग) पशुको शरीरको कुनैपनि भागमा रौ झर्ने, खुट्टाका जोर्नीहरू, फाँचो तथा काँधमा घाउ हुने वा सुजन हुने र पुच्छर चुँडिने वा भाँचिने जस्ता अवस्था सृजना हुन दिनु हुँदैन।

(घ) सरकारी निकायहरूले सिफारिस गरेका संक्रामक तथा ठूलो आर्थिक क्षति पुऱ्याउने रोगहरू विरुद्ध नियमित खोप लगाउनु पर्दछ।

(ङ) नियमित रूपमा थुनेलो परीक्षण गर्नु, गराउनु पर्दछ।

(९) देहायको अवस्थामा पशुलाई पीडा, घाउचोट र रोग नलागेको भन्ने बुझिन्छ;

(क) आरामका समयमा शरीरको तापक्रम, स्वासप्रश्वास, नाडी सामान्य भएको,

(ख) बथानमा सङ्गै बसिरहेको र चनाखो भई सामान्य क्रियाकलाप देखाएको,

(ग) उमेर अवस्था अनुसार तौल भएको,

(घ) दुध उत्पादन सामान्य भएको,

(ङ) छाला बाहिर परजीवी नदेखिएको र चिल्लो देखिएको।

(१०) सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने सुनिश्चितता सम्बन्धी व्यवस्था;

(क) आमाको दूधमात्र खाउन्जेलसम्म नवजातलाई उसको आमाबाट छुट्टाउनु हुँदैन।

(ख) एकै प्रजातिका पशु भेला हुन र एक्लै वा आफू-आफूहरू बीच ग्रुमिङ्ग (Grooming) गर्ने अवसर दिनुपर्नेछ।

९. **दुध उत्पादनका लागि पालिएका पशु बाहेक अन्य पशुलाई देहाय बमोजिम काममा लगाउन सकिने:** (१) मापदण्ड बमोजिम पशु कल्याण सुनिश्चित हुने र निर्दयी व्यवहार नहुने गरी भारवहन, भार तान्ने कार्य वा श्रमजन्य काममा लगाउन सकिनेछ। तर कम्तीमा दुई वर्ष उमेर नपुगेको बहर, राँगा, गोरु र श्रम लगाउन योग्य भैंसीलाई दैनिक ८ घण्टा भन्दा बढी काममा लगाउन पाइनेछैन।

(२) पशुलाई काममा लागाउँदा देहाय बमोजिमका सावधानी अपनाउनु पर्नेछ;

(क) पशुको उमेर, आहार, विकासको चरण, शारीरिक तन्दुरुस्ति, स्वास्थ्य स्थिति र सक्षमताका आधारमा काममा लगाउनु पर्दछ।

(ख) मापदण्डको अनुसूची २ अनुसारको शारीरिक अवस्था मापन सूचक बमोजिम धेरै दुब्लो र धेरै मोटो भनी यकिन भएको पशुलाई काममा लगाउन हुँदैन।

(ग) प्रचण्ड गर्मी अविरल वर्षा आँधीबेहरी, असिना, हिमपात जस्ता प्राकृतिक विपद् भइरहेको प्रतिकूल मौसम रहेको समयमा अँध्यारोमा र पशुको ज्यानै जान सक्ने उच्च जोखिम हुने अप्ठेरो कार्यस्थलमा पशुलाई काममा लगाउनु हुँदैन।

(घ) पशुको शारीरिक तौलको एक तिहाइ भन्दा अधिक भार बोकाउन र ४०% भन्दा अधिक भार तान्न लगाउनु हुँदैन।

(ङ) काममा लगाइएको पशु लरखराएमा वा असामान्य लक्षण देखाएमा तुरुन्त काम गराउन रोक्नु पर्नेछ।

(च) पशुलाई हप्तामा कम्तीमा एक दिन आराम गर्न दिनु पर्दछ।

१०. **निवृत्त पशु व्यवस्थापनः** (१) उत्पादनशील जीवन पार गरेका, थुनेलोका कारण चारवटै थुन अनुत्पादक भएका, प्रजनन् सम्बन्धी रोग वा अन्य कुनै कारणले अनुत्पादक ठहर भएका गाई कालगतिले नमरेसम्म स्याहार गर्नु, पशुधनीको दायित्व र कर्तव्य हुनेछ।

(२) निवृत्त पशु व्यवस्थापनका लागि पशुधनीले निवृत्त गाईको भरण पोषण तथा संरक्षणका लागि गौशालाको नियमानुसार शुल्क बुझाई नजिकको व्यवस्थित गौशालामा समन्वय गरी व्यवस्थापन गर्न सक्नेछ।

११. **ढुवानी मापदण्डः** (१) ढुवानी गर्दा पशु ढुवानी मापदण्ड, २०६४ को पालना गरेको हुनुपर्नेछ।

(२) पशु ढुवानी गर्दा यात्रा अवधिभरि तनाव नहुने गरी तथा दुखाई र चोटपटक नलाग्ने गरी ढुवानी गर्नुपर्नेछ।

(३) पशु ढुवानी गर्दा नियमानुसार आधिकारिक व्यक्तिबाट जारी गरिएको पशु ढुवानी स्वीकृती तथा स्वास्थ्य प्रमाणपत्र साथमा राख्नुपर्नेछ।

## परिच्छेद ४
## गाईभैंसी प्रति हुने निर्दयी व्यवहार

१२. **गाईभैंसी प्रति निर्दयी व्यवहार भएको ठहरिनेः** (१) सामान्यतया व्यावसायिक रूपमा दूध उत्पादनका लागि गाईभैंसी पालन गर्दा वा भारवहन वा श्रमजन्य लगायतका अन्य काममा प्रयोग गर्दा देहाय बमोजिमका कार्य गरे/गराएमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछ;

(क) नवजात बाच्छाबाच्छी, पाडापाडीलाई मार्ने नियतले सुकेनास गराउने, भोकै राख्ने, अजीर्ण बनाउने वा फाल्ने लगायतका अन्य कार्य गर्ने,

(ख) घाउ चोट लाग्ने वा पीडा हुने गरी हिर्काउने,

(ग) घाउ चोट वा पीडा हुने गरी फाल्सन लगाउने, नाक, पुच्छर, खुट्टा बाँध्ने वा झुण्डाउने,

(घ) निकायले तोकेको विधि विपरीत बन्ध्याकरण गर्ने, पुच्छर बटार्ने वा भाँच्ने, अङ्गभङ्ग गर्ने,

(ङ) बिरामी वा घाइते पशुको उपचार नगर्ने,

(च) खुल्ला छोड्ने,

(छ) पशुलाई पीडा हुने किसिमका अन्य जुनसुकै कार्य गर्ने।

(२) जोकोहीले नियतवस वा लापरवाहीपूर्वक मापदण्डको परिच्छेद ४ बमोजिम गाईभैंसीको कल्याण सम्बन्धी व्यवस्था उल्लङ्घन हुने गरी पशुप्रति जुनसुकै कार्य गरी, गराई प्रताडित गरेमा पशुप्रति निर्दयी व्यवहार भएको मानिनेछ।

१३. **निर्दयी व्यवहार भएको नमानिने:** देहायको अवस्थामा पशुप्रति निर्दयी व्यवहार भएको मानिने छैन;

(क) दर्तावाल पशु चिकित्सक वा अधिकार प्राप्त व्यक्तिले कानूनले तोके बमोजिम वा स्वीकृत कार्यविधि अनुसार गाईभैंसी पालन व्यवस्थापन, स्वास्थ्य परीक्षण, शल्य चिकित्सा, स्वास्थोपचार वा अन्य कार्यहरू गर्न।

(ख) प्रचलित कानूनले प्रतिवन्ध लगाएको प्रजाति बाहेक यस मापदण्ड आकर्षित हुने अन्य पशुको हकमा अङ्गभङ्ग भई पीडाग्रस्त अवस्थामा रहेको पशुलाई पीडा मुक्त गर्न आवश्यक देखिएमा, पशु स्वास्थ्य, जनस्वास्थ्य, जनसुरक्षा वा अन्य कारणले पशुलाई नसमाती नहुने भएमा र उपचार नहुने रोग लागेका कारण नष्ट गर्नैपर्ने अवस्था भएको ठहर गरेमा दर्तावाल पशु चिकित्सकको सुपरिवेक्षणमा तोकिए बमोजिमको मानवीय तरिका अपनाएर पशुलाई नियन्त्रणमा लिने वा करुणा मृत्यु दिने प्रयोजनार्थ गरिने क्रियाकलाप गर्न।

## परिच्छेद ५

## समिति गठन तथा पशु कल्याण मापदण्ड अवलम्बन प्रमाण पत्र सम्बन्धी व्यवस्था

१४. **स्वेच्छिक पशु कल्याण मापदण्ड अनुसरण आवेदन तथा प्रमाणपत्र सम्बन्धी ब्यवस्था:**

(१) यो मापदण्ड स्वेच्छिक रूपमा लागू गर्न चाहने गाईभैंसी पालकले अनुसूची ५ को ढाँचामा आवश्यक कागजात संलग्न राखी सम्बन्धित जिल्ला कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर जिल्ला स्तर प्राविधिक समितिको अनुगमन तथा सिफारिस बमोजिम निर्देशनालयले पशु कल्याण मापदण्ड अवलम्बन प्रमाणपत्र (अनुसूची ६) जारी गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र जारी गरेको अभिलेख अनुसूची ७ बमोजिमको ढाँचामा निर्देशनालयले राख्नेछ।

१५. **प्रदेश अनुगमन तथा समन्वय समिति :** (१) व्यावसायिक गाईभैंसी फार्महरूले पशु कल्याण सम्बन्धी आधारभूत पक्षहरूको परि पालना र पशु प्रति निर्दयी व्यवहार गरे नगरेको सम्बन्धमा तोकिए बमोजिमको मापदण्ड अनुसार नियमन तथा समन्वय गर्न देहाय बमोजिमको एक अनुगमन तथा समन्वय समिति गठन गरिनेछ;

| | |
|---|---|
| १. निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| २. अधिकृत, पशुपन्छी विकास महाशाखा कृषि तथा भूमि व्यवस्था मन्त्रालय | सदस्य |
| ३. अधिकृत, पशुरोग अन्वेषण प्रयोगशाला | सदस्य |
| ४. प्रतिनिधि, दुग्ध उत्पादक सहकारी संस्था | सदस्य |
| ५. प्रतिनिधि (१ जना), पशु कल्याणमा काम गर्ने संघ/संस्था/गौशाला | सदस्य |

६. अधिकृत, प.स्वा. ईपि. नियमन शाखा, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सदस्य सचिव

(२) अनुगमन तथा समन्वय समितिको बैठकमा समितिले विषय विशेषज्ञको रूपमा दुई जना आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको काम कर्तब्य तथा अधिकारः

(क) मापदण्डलाई आवश्यकता अनुसार अद्यावधिक गर्न मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने।

(ख) फिल्डस्तरमा देखा परेका समस्या तथा जोखिमहरूको बिशलेषण र पृष्ठपोषण मार्फत स्वीकृत मापदण्डलाई प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

(ग) जिल्लास्तरिय प्राविधिक समिति र कार्यालयलाई आवश्यक निर्देशन दिने।

१६. **जिल्लास्तर प्राविधिक समितिः** (१) जिल्लास्तरमा गाईभैंसी पालकहरूले पशु कल्याण मापदण्ड लागू गरेको वा नगरेको अनुगमन तथा कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको जिल्लास्तर प्राविधिक समिति गठन गरिनेछ;

| | |
|---|---|
| १. प्रमुख, जिल्लास्तर कार्यालय | संयोजक |
| २. प्रमुख, पशु सेवा शाखा, सम्बन्धित स्थानीय तह | सदस्य |
| ३. अधिकृत/ प्राविधिक कर्मचारी, जिल्लास्तर कार्यालय | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार विशेषज्ञ प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ।

(३) जिल्लास्तर प्राविधिक समितिको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ;

(क) जिल्लामा गाईभैंसी पालकहरूले तोकिए बमोजिमका पशु कल्याण मापदण्ड लागू गरे नगरेको अनुगमन गर्ने तथा कार्यान्वयनका लागि सहजीकरण गर्ने।

(ख) पशुपालनमा पशु कल्याण मापदण्ड अवलम्बन प्रमाण पत्र लिने उद्देश्य सहित जिल्ला कार्यालयमा प्राप्त आवेदनहरूको अनुगमन, सिफारिस तथा नियमन गर्ने।

(ग) अनुसूची ३ बमोजिमका सूचकहरूको आधारमा व्यावसायिक गाईभैंसी फार्ममा पालिएका पशुको कल्याणको अवस्था मापन पश्चात् "नराम्रो", "सामान्य" र "राम्रो" गरी वर्गीकरण गर्न सक्नेछ।

(घ) मापदण्ड पालना नगरेको पाइएमा असल अभ्यास प्रमाण पत्र रद्द गर्न निर्देशनालयलाई सिफारिस गर्ने।

(ङ) प्रदेश अनुगमन तथा समन्वय समितिले तोकेको अन्य कार्य गर्ने।

## परिच्छेद ६

## पशु कल्याण सम्बन्धी जिम्मेवारी र उत्तरदायित्व

१७. **जिम्मेवारी वहन गर्नु पर्नेः** पशु सेवाका सरकारी निकाय, गैर सरकारी संघ संस्था, व्यावसायिक फार्म तथा पशुधनी, दर्तावाल पशु चिकित्सक र अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थाले गाईभैंसीको कल्याण सुनिश्चित गर्न र गाईभैंसी प्रति हुने निर्दयी व्यवहारमा रोकावट गर्नको लागि मापदण्डको दफा १८, १९, २० र २१ मा व्यवस्था गरिए बमोजिम आ-आफ्नो स्थानमा समान रूपमा जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व वहन गर्नु पर्नेछ।

१८. **पशु सेवा सम्बन्धी कार्य गर्ने सरकारी निकायको जिम्मेवारीः** पशु सेवा सम्बन्धी कार्य गर्ने सरकारी निकायहरूको जिम्मेवारी देहाय बमोजिम हुनेछ;

(क) मापदण्ड कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरू बीच समन्वय, सहयोग, जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा सहजीकरण गर्ने,

(ख) भेटेरिनरी निरीक्षण गर्दा पशु कल्याण सम्बन्धी व्यवस्थाको समेत मापन गर्न र निजी क्षेत्रका दर्तावाल पशु चिकित्सकलाई समेत मापदण्ड कार्यान्वयन गर्न, गराउन आवश्यकता अनुसार जिम्मेवारी प्रदान गरी सो को अनुगमन गर्ने,

(ग) मापदण्ड लागू गर्न अनुगमन गर्ने।

१९. **पशु सेवाको क्षेत्रमा कार्य गर्ने गैर सरकारी संघ संस्थाको जिम्मेवारीः** पशु सेवाको क्षेत्रमा कार्य गर्ने गैर सरकारी संघ संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछ;

(क) व्यावसायिक फार्ममा पालन गरिएका गाईभैंसीको कल्याणको अवस्था सुनिश्चित गर्न पशुसेवाका सरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्ने।

(ख) पशु कल्याण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

(ग) पशु कल्याणको क्षेत्रमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने।

२०. **पशु धनीको जिम्मेवारी र उत्तरदायित्वः** पशु धनीको जिम्मेवारी र उत्तरदायित्व देहाय अनुसार हुनेछ;

(क) पशु कल्याणको अवस्था सुनिश्चित गर्ने।

(ख) पशु प्रति निर्दयी व्यवहार हुन नदिने।

(ग) कल्याणको अवस्था मापन पश्चात् दर्तावाल पशु चिकित्सकले दिएको सुझाव तथा निर्देशन पालना गर्ने।

(घ) निवृत्त पशुको व्यवस्थापन गर्ने।

२१. **दर्तावाल पशु चिकित्सक र पशु सेवा प्राविधिकको जिम्मेवारीः** (१) दर्तावाल पशु चिकित्सकले गाईभैंसी पालन गर्ने व्यावसायिक फार्ममा सेवा प्रवाह गर्दा पशु कल्याणको अवस्था मापन गरी एक प्रति सम्बन्धित जिल्लाको पशु सेवा हेर्ने कार्यालय र एक प्रति सम्बन्धित पशु धनीलाई उपलब्ध गराई पशुधनीलाई आवश्यक निर्देशन दिने तथा पशुको कल्याणको अवस्था "राम्रो" वनाउन सेवा प्रदायक निकायहरूसँग समन्वय गर्ने।

(२) व्यावसायिक फार्ममा सेवा प्रदान गर्ने पशु सेवा प्राविधिकहरूले पशुको कल्याण सुनिश्चित गर्न र गाईभैंसी प्रति निर्दयी व्यवहार हुन नदिन पशुधनीले गरेका व्यवस्थापकीय क्रियाकलापहरूको दर्तावाल पशु चिकित्सकको समन्वयमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने।

## परिच्छेद ७
## विविध

२२. **मापदण्ड पालना गर्नुपर्नेः** (१) व्यावसायिक रूपमा गाईभैंसी पालन गर्दा मापदण्ड विपरीत हुने गरी पशु कल्याण सम्बन्धी व्यवस्थाको उल्लङ्घन गर्न र पशुप्रति निर्दयी व्यवहार गर्न पाइनेछैन।

(२) गाईभैंसीको प्रजनन् कार्यमा प्रयोग हुने राँगो/साँढेको हकमा समेत गाईभैंसी सरह यो मापदण्ड लागू हुनेछ।

२३. **प्राथमिकता दिनुपर्नेः** व्यावसायिक गाईभैंसी पालनको क्षेत्रमा प्रतिस्पर्धात्मक रूपमा सहयोग उपलव्ध गराउँदा सम्बन्धित सरकारी निकायहरूले पशु कल्याणको अवस्था तुलनात्मक रूपमा उच्च भएको फार्मलाई प्राथमिकता दिनुपर्नेछ।

२४. **प्राविधिक प्रक्रिया तोक्न सक्नेः** मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले मौजुदा ऐन, नियम, निर्देशिका तथा कार्यविधिसँग मेल खाने गरी पशु कल्याणका लागि आवश्यक प्राविधिक प्रकृयाहरू निर्धारण गरी लागू गर्न र मापदण्डमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

२५. **वाधा अडकाउ फुकाउन सक्नेः** मापदण्ड कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयले वाधा अडकाउ फुकाउन सक्नेछ।

२६. **संसोधन गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड संसोधन गर्न सक्नेछ।

२७. **प्रचलित कानून बमोजिम हुनेः** मापदण्डमा लेखिएका कुरा यसै मापदण्ड बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ। मापदण्डमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

अनुसूची १

(मापदण्डको दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

गाईभैंसीलाई दिनुपर्ने सन्तुलित दानाको परिमाण

| क्र.सं. | पशुको किसिम | दैनिक उपलब्ध गराउनुपर्ने सन्तुलित दानाको परिमाण |
|---|---|---|
| १ | कोरली र थोरे | १.५ कि.ग्रा. |
| २ | बहर, गोरु, राँगा र काममा लगाइने थारो भैंसी | ३ कि.ग्रा. |
| ३ | ब्याउने माउ | ३ कि.ग्रा. |
| ४ | दुहुनो माउ | दैनिक १० लिटरसम्म दूध दिनेको लागि ३ कि.ग्रा. र त्यसपछी प्रति २.५ लिटर दूध बराबर थप १ कि.ग्रा. |
| ५ | निवृत्त पशु | १ कि.ग्रा. |
| नोटः दैनिक उपलब्ध गराउनुपर्ने सन्तुलित दानाको परिमाण पोषण विज्ञको परामर्श अनुसार हुने। | | |

सचिव

मन्त्री
कृषि तथा भूमि व्यवस्था मन्त्रालय

अनुसूची २

(मापदण्डको दफा ९ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित)

**पशुको शारीरिक अवस्था मापन सूचक**

| शारीरिक अवस्था र अङ्क | घाँटी र काँध | जुरो र मेरूदण्ड | करङ र पेट | ढाड र कम्मर | पिठयूँका हाड र फिला |
|---|---|---|---|---|---|
| दयनीय | घाँटी र काँध झ्वाट्ट हेर्दा जोडिएको देखिने। दुवै पातका तिनकुने हाडको आकृति देखिने र छाम्न सकिने। | जुरो र चुच्चो परेको देखिने। मेरुदण्डका हाड सहजै देखिने र छाम्न सकिने। | टाढैबाट करङ देखिने र छाम्न सकिने। पेट माथिपट्टि टाँसिएको। | ढाडमा मेरुदण्डका हाडको ठाडो तेर्सा चुच्चो परेको आकृति टाढैबाट देखिने। | पिठयूँका हाड थोरै मांसपेशीले ढाकेको र छाम्न सकिने। पुच्छरको फेंदपट्टि कोप्रो परेको । |
| दुब्लो | घाँटी र कुम जोडिने स्थानमा थोरै मांसपेशीले हाड पुरिएको देखिने। | हाडका चुच्चोलाई थोरै मांसपेशिले ढाकेको सहजै नदेखिने तर छाम्न सकिने। | करङ नदेखिने तर छामेर भेट्टाउन सकिने। | मेरुदण्डको दुबैपट्टी थत्रे मांसपेशी, सामान्य दवाव दिएर छामेपछि मात्र हाड फेला पर्ने। | फिलामा थोरै मासु भेटिने, पिठ्यूका हाड सहजै छाम्न सकिने। |

सचिव

| शारीरिक अवस्था र अङ्ग | घाँटी र काँध | जुरो र मेरूदण्ड | करङ र पेट | ढाड र कम्मर | पिठयूँका हाड र फिला |
|---|---|---|---|---|---|
| स्वस्थ | राम्रो मांसपेशी/ बोसोको सामान्य तहले हाड पुरीएको, गोलाकार काँध र घाँटी बिस्तारै मिलेको देखिने। | मेरुदण्डको हाडहरूलाई मांसपेशीले राम्रोसँग ढाकेको, जुरो र ढाड बिस्तारै मिलेको। | करङ पुरिएका दबाव दिए मात्र फेला पार्ने। दरिला मांसपेशीले पेट टम्म मिलेर फैलिएको। | मेरुदण्डको दुबैपट्टी राम्रोसँग मांसपेशी विकास भएको र सामान्य दबाव दिदा पिन हाड फेला पार्न नसकिने। | फिलामा प्रशस्त मांशपेशी भेटिने, पिठ्यूका हाड गोलो परेको देखिने र दबाव दिएर मात्र टाम्न सकिने। |
| मोटो | बाक्लो घाँटी, मेरुदण्डको धार सार्हो,काधँको दुबैतर्फ समान रूपमा बोसोले भरिएको। | जुरोमा बोसो भरिएर फैलिएको, खरिलो गरी थिचेपछि मात्र हाड फेला पर्ने। | खरिलो गरी थिचेपछी मात्र तल्लो भागमा करङ फेला पर्ने। पेट बढेर शरिरबाट बाहिर आएको। | दरिलो दबाव दिएर छामे मात्र मेरुदण्डका हाड फेला पर्ने। मैरूडण्डको सामान्य धार मात्र देखिने। | गोलाकार फिला, दरिलो दबाव नदिएसम्म हाड फेला नपर्ने, सबै भागमा समान रूपले बोसो भरिएको। |
| धेरै मोटो | बोसो भरिएर धेरै बाक्लो घाँटी, एकातर्फ ढाकिएको डल्लो जुरो, गोलो उठेको काधँ। | जुरोमा बोसो भरिएर फैलिएको, दरोगरी छामेर पनि मेरुदण्डको हाड फेला पार्न नसकिने। | करङ छामेर नभेटिने, बोसोका अग्ला होचा बनोट देखिने। पेट झुण्डिएको देखिने। | ढाड चेप्टिएको, दरिलो दबाव दिए पनि नभेटिने, मेरूदण्डको धारमा गहिरो परेको। | पिठ्यूका हाड फेला नपर्ने, पच्छरको फेँदमा दुबैतर्फ बोसोका लोती निस्किएको र ठाउँठाउँमा बोसो थुप्रिएको देखिने। |

अनुसूची ३

(मापदण्डको दफा १६ को उपदफा (३) (ग) सँग सम्बन्धित)

**पशु कल्याण मापन सूचक**

(१) पशु सम्बन्धी विवरण

१. पशुको पहिचान नः..............

२. प्रजाती..........(गाई-१, भैसी-२)

३. जातः............( जर्सी-१, एच. एफ.-२, जर्सी क्रस-३, एच. एफ क्रस-४, स्थानीय गाई-५, अन्य गाई-६, मुर्रा-७, मुर्रा क्रस-८, लिमे-९, पाराकोटे-१०, अन्य भैसी-११)

४. लिङ्गः.........(भाले-१, पोथी-२)

५. उमेरः........

६. हालको अवस्थाः......(पाडापाडी/बाच्छाबाच्छी-१, कोरली/थोरै-२, खसी पारेको भाले-३, खसी नपारेको भाले-४, ब्याउ-५, दुहुनो-६, थारो-७)

७. काममा लगाईने पशु भएमाः.......(जोत्ने-१, भारी बोक्ने-२, गाडा तान्ने-३)

(२) मूल्याङ्कन सूचक तथा र सूचक अंकभार

| क्र.स. | मूल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्रासाङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरोली/थोरे (पूर्णाङ्कः ७५) | माउ (पूर्णाङ्कः ७५) | थारो (पूर्णाङ्कः ७५) | भाले (पूर्णाङ्कः ८०) |
| १ | शरीरको चाल<br>१. सामान्य-२<br>२. असामान्य-० | | | | |
| २ | गोठमा पर्याप्त ठाउँको व्यवस्था<br>१. छ - २<br>२. छैन- ० | | | | |
| ३ | गोठको सरसफाईको अवस्था<br>१. राम्रो ३<br>२. मध्यम-२<br>३. नराम्रो-० | | | | |

| क्र.स. | मूल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्रासाङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरोली/थोरे (पूर्णाङ्कः ७५) | माउ (पूर्णाङ्कः ७५) | थारो (पूर्णाङ्कः ७५) | भाले (पूर्णाङ्कः ८०) |
| ४ | गोठ र वरपर रहेका बस्तुहरू र वातावरणको अवस्था<br>१. धारिलो वस्तुहरू नरहेको र सफा स्वच्छ वातावरण-३<br>२. धारिलो वस्तुहरू नरहेको र मध्यमस्तरको वातावरण-२<br>३. जस्तोसुकै वातावरण भए पनि धारिलो वस्तुहरू नरहेको-१ | | | | |
| ५ | झरी, हावाहुरी, अपना र प्रचण्ड गर्मी बाट सुरक्षित गर्ने किसिमको गोठ<br>१. सुरक्षित-३<br>२. मध्यम-२<br>३. असुरक्षित-० | | | | |
| ६ | गोठको भुईको अवस्था<br>१. पानी/पिसाब नजम्ने र नचिप्लिने-२<br>२. पानी/पिसाब जम्ने र चिप्लिने-० | | | | |

सचिव

मन्त्री
कृषि तथा भूमि व्यवस्था मन्त्रालय

| क्र.स. | मूल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरोली/थोरे (पूर्णाङ्कः ७५) | माउ (पूर्णाङ्कः ७५) | थारो (पूर्णाङ्कः ७५) | भाले (पूर्णाङ्कः ८०) |
| ७ | दुहुनो पशु सँगै बाच्छा/बाच्छी पाडा/पाडी भएमा<br>पर्याप्त विगौती– (५ दिसम्म/ पर्याप्त दूध (२ महिनासम्म) | | | | |
| ७.१ | खान पाएको नपाएको<br>१. पाएको-५<br>२. नपाएको-२ | | | | |
| ७.२ | नरम र कमलो घाँसपातको व्यवस्था भएको नभएको(जन्मेको १५ दिनपछि)<br>१. भएको-२<br>२. नभएको-१ | | | | |
| ७.३ | पाडीबाच्छी र पाडापाडीमा बिगौती/ दूध खुवाउन विभेद<br>१. नगरेको -२<br>२. गरेको-० | | | | |
| ८ | पर्याप्त घाँसपात उपलब्धता<br>१. भएको-३<br>२. मध्यम-२<br>३. नभएको-१ | | | | |

सचिव

| क्र.स. | मूल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्रासाङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरोली/थोरे (पूर्णाङ्कः ७५) | माउ (पूर्णाङ्कः ७५) | थारो (पूर्णाङ्कः ७५) | भाले (पूर्णाङ्कः ८०) |
| ९ | स्वच्छ पानीको प्रबन्ध<br>१. चाहना अनुसार-३<br>२. कम्तीमा २ पटक (खाए जति)-२<br>३. निश्चित समयमा र निश्चित परिमाण-१ | | | | |
| १० | आवश्यकता अनुसार दानाको प्रबन्ध<br>१. भएको-३<br>२. आशिक-२<br>३. नभएको-१ | | | | |
| ११ | शारीरिक अवस्थाको मापन<br>१. BCS २.५ भन्दा कम भएका-१<br>२. २.५-३.७५ भएमा-३<br>३. ३.७५ भन्दा धेरै भएमा-१ | | | | |
| १२ | खुरको अवस्था<br>१. सामान्य-२<br>२. असामान्य-१ | | | | |
| १३ | जोर्नी तथा खुट्टाको स्वस्थता<br>१. कुनै भागमा सुजन नभएको-३<br>२. कुनै एक भागमा मात्र सुजन भएको-२<br>३. एक भन्दा धेरै भागमा सुजन भएको-१ | | | | |
| १४ | काधँको स्वस्थता<br>१. सामान्य-५<br>२. काधँ फुटेको-२<br>३. आलो घाउ रहेको-० | | | | |

सचिव

| क.स. | मूल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरोली/थोरे (पूर्णाङ्कः ७५) | माउ (पूर्णाङ्कः ७५) | थारो (पूर्णाङ्कः ७५) | भाले (पूर्णाङ्कः ८०) |
| १५ | शरीरको घाउको अवस्था<br><br>१. घाउ नभएको-५<br>२. १ वर्ग सेमी भन्दा सानो घाउ भएको-३<br>३. १ वर्ग सेमी भन्दा ठूलो घाउ भएको-१ | | | | |
| १६ | फाचो र थुनको स्वस्थता<br><br>१. सामान्य-४<br>२. एक थुन बिग्रिएको-२<br>३. एक भन्दा धेरै थुन र फाँचो बिग्रिएको-१ | | | | |
| १७ | शरीरको कुनै भागमा रौ खुइलिएको वारौंको रङ्ग परिवर्तन भएको<br><br>१. नखुइलिएको र परिवर्तन नभएको-२<br>२. खुइलिएको वा परिवर्तन भएको-१ | | | | |
| १८ | आँखाको स्वस्थता<br><br>१. स्वस्थ र दुवै आँखा देख्ने-३<br>२. अस्वस्थ र दुवै आँखा देख्ने-१<br>३. एउटा वा दुवै आँखा नदेख्ने-० | | | | |
| १९ | सिङको अवस्था<br><br>१. सामान्य-२<br>२. असामान्य-१ | | | | |
| २० | पुच्छरको फेद र गर्दनको भागमा जुम्रा, किर्ना<br><br>१. नदेखिएको-२<br>२. देखिएको-१ | | | | |

| क्र.स. | मूल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरोली/थोरे (पूर्णाङ्कः ७५) | माउ (पूर्णाङ्कः ७५) | थारो (पूर्णाङ्कः ७५) | भाले (पूर्णाङ्कः ८०) |
| २१ | भ्यागुते, चरचरे र खोरेत रोग विरूद्ध खोप लगाएको/नलगाएको<br>१. नियमित तालिका अनुसार सबै खोप लगाएको-५<br>२. खोप लगाएको तर नियमित तालिकाअनुसार नलगाएको-३<br>३. कुनैपनि खोप नलगाएको-० | | | | |
| २२ | निवृत पशु व्यवस्थापन कोष (गाईमात्र वा गाई समेत पालेको फार्म हकमा मात्र)<br>१. स्थापना र परिचालन गरेको-५<br>२. स्थापना नगरेको-० | | | | |
| २३ | कम्पोष्ट पिट<br>भएको -३<br>नभएको -० | | | | |
| २४ | बिरामी र नँया पशुलाई छुट्टै राख्ने व्यवस्था<br>भएको- ३<br>नभएको-० | | | | |
| कुल प्राप्ताङ्क | | | | | |

पशु कल्याणको अवस्थाः देहायको आधारमा पशु कल्याणको अवस्था मूल्याङ्कन गर्ने।

सचिव

| क्र.स. | मूल्याङ्कन सूचक, अङ्क र अङ्क दिने तरिका | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|---|
| | | कोरोली/थोरे (पूर्णाङ्कः ७५) | माउ (पूर्णाङ्कः ७५) | थारो (पूर्णाङ्कः ७५) | भाले (पूर्णाङ्कः ८०) |
| १. कोरली/थोरेको हकमा कुल प्राप्ताङ्क ६० भन्दा बढी राम्रो, ५० देखि ६० सम्म सामान्य र ५० भन्दा कम नराम्रो। | | | | | |
| २. थारो र भाले पशुको हकमा कुल प्राप्ताङ्क ६५ भन्दा बढी राम्रो, ५५ देखि ६५ सम्म सामान्य र ५५ भन्दा कम नराम्रो। | | | | | |
| ३. मापदण्ड बमोजिम मुल्यांकन गर्दा कुनै व्यावसायिक फार्ममा रहेका मौजुदा पशुहरूको संख्या मध्ये कम्तिमा ६० प्रतिशत स्वस्थय राम्रा पशु भएको हकमा प्रमाणपत्र जारी गर्न सकिनेछ। | | | | | |

अनुसूची ४

(मापदण्डको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## खोप तालिका

| क्र.सं. | रोग | पहिलो खोप दिँदाको उमेर | पहिलो खोप पछिका खोप |
|---|---|---|---|
| १ | Foot and Mouth Disease (FMD) | चार महिना वा सो भन्दा बढी उमेरको पशु | पहिलो खोप दिएको ४ महिना पछि बुष्टर डोज र हरेक ६ महिनामा |
| २ | Haemorrhagic Septicaemia (HS) | छ महिना वा सो भन्दा बढी उमेरको पशु | बार्षिक रूपमा |
| ३ | Black Quarter (BQ) | छ महिना वा सो भन्दा बढी उमेरको पशु | बार्षिक रूपमा |
| पशु चिकित्सकको सल्लाह अनुसार आन्तरीक र बाह्य परजीवि नियन्त्रण, क्षयरोग र ब्रुसेलोसिस रोगको नियमित परिक्षण गर्नु पर्ने। | | | |

सचिव

मन्त्री

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

अनुसूची ५

(मापदण्डको दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## पशुकल्याण मापदण्ड स्वेच्छिक पालनको लागि आवेदन ढाँचा र आवश्यक कागजातहरू

श्रीमान् कार्यालय प्रमुखज्यू,

.................................

विषयः पशुपालन कल्याण मापदण्ड अवलम्बन सम्बन्धमा।

प्रस्तुत विषयमा मेरो आफ्नै स्वामित्वमा रहेको देहाय बमोजिमको फार्ममा स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय पशुजन्य उत्पादन गर्ने उद्देश्यले प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालयले तोके बमोजिमको पशुपालन असल अभ्यास मापदण्ड पालना गना इच्छुक भइ आवश्यक कागजातहरू संलग्न गरी पेश गर्दछु।

निवेदक

....................

नामः

क) फार्मको विवरण

| | |
|---|---|
| फार्म/ संस्था/ कम्पनीको नाम | |
| ठेगाना | |
| प्रोपराइटरको नाम | |
| सम्पर्क नम्बर | |
| ईमेल ठेगाना | |
| PAN/VAT | |

ख) निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) फार्म रहेको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि

(घ) PAN/VAT प्रमाणपत्र प्रतिलिपि

(ङ) फार्म र पालिएका पशु स्पष्ट देखिने तस्वीर

(च) सम्बन्धित स्थानीय तहको पशुसेवा शाखाको सिफारिस पत्र

अनुसूची ६

(मापदण्डको दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## पशु कल्याण मापदण्ड अवलम्बन प्रमाणपत्र

प्रमाणपत्र नं:

मितिः

.................... जिल्ला....................... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा............... नम्बर वडामा सञ्चालित श्री ................................ फार्मले फार्मबाट उत्पादित वस्तु तथा पदार्थहरूको नेपालभित्र प्रवर्द्धन गर्नको लागि मात्र प्रमाणपत्रको उपयोग हुने सर्तमा पशुपालन असल मापदण्ड पालन गरेको प्रमाणित गरिन्छ।

प्रमाणित गर्नेको नामः

पदः

हस्ताक्षरः

मितिः

सचिव

मन्त्री
कृषि तथा भूमि व्यवस्था मन्त्रालय

अनुसूची ७

(मापदण्डको दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

पशु कल्याण मापदण्ड अवलम्बन प्रमाण पत्र जारी गरिएको गाईभैंसी फार्महरूको अभिलेख राखे ढाँचा

| क.सं | अनुमति नम्बर | पशुपालन असल अभ्यास पालना गरेको फार्मको नाम | ठेगाना | प्रोपाइटरको नाम | सम्पर्क नम्बर | फार्मको किसिम |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |

नोटः सम्बन्धित कार्यालयले अभिलेखमा थप जानकारी संलग्न गर्न सक्नेछ।